

तस्विरहरू : राष्ट्रिय योजना आयोग

> पुड्कोपन, ख्याउटेपन, उमेर अनुसार तौल कम जस्ता न्यून पोषणसम्बन्धी समस्याले नेपालमा बाल मृत्युदरको ५२ प्रतिशत भाग ओगटेको छ, कुपोषणको अवस्थामा सुधार गर्न सकियो भने बालबालिकामा हुने मृत्युदर रोक्न सकिने भएकाले सामूहिक काम गर्न बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा ल्याइएको हो।

# पोषणका लागि अर्को ५ वर्षे योजना

■ प्रवीण ढकाल

**काठमाडौं**- सरकारले बालबालिकाको पोषण र महिलाको स्वास्थ्य अवस्थामा सुधार ल्याउन ५ वर्षे बहुक्षेत्रीय पोषण योजना सार्वजनिक गरेको छ। सन् २०१८ देखि २०२२ सम्मका लागि तयार पारिएको योजनामा बालबालिका र महिलाको पोषणको अवस्थामा उल्लेख्य सुधार ल्याउने लक्ष्यहरु लिइएको छ।

राष्ट्रिय योजना आयोगले तयार पारेको यो योजनालाई मंसिर २८ मा सार्वजनिक गरिएको हो। योजनालाई मन्त्रिपरिषदको मंसिर ३ को बैठकले पारित गरेको थियो। कुपोषण विरुद्धको लडाइँमा सामूहिक रुपमा अघि बढ्ने भन्दै सरकारले बहुक्षेत्रीय पोषण योजना ल्याएको हो।

योजना अनुसार आगामी ५ वर्षभित्र ५ वर्षमुनिका बालकालिकाको पुड्कोपन (दीर्घ कुपोषण) लाई २८ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालमा हाल ३५ दशमलव ८ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ। सन् २००१ मा ५ वर्षमुनिका ५७ प्रतिशत बालबालिकामा पुड्कोपन थियो।




'पुड्कोपन भनेको बालबालिकाको दीर्घ कुपोषणको समस्या हो। यो समस्याको बीजारोपण गर्भधारणदेखि नै सुरु हुन्छ र त्यसपछि यसलाई सुधार गर्न सम्भव हुँदैन,' योजनामा भनिएको छ, 'त्यसकारण किशोरी, गर्भवती, सुत्केरी र २ वर्षमुनिको बाल्य अवस्थामा नै पोषणको अवस्था सुधार गर्नुपर्छ।'

योजनामा ५ वर्षको अवधिमा ५ वर्षमुनिका बालबालिकाको ख्याउटेपनको समस्या १० बाट ७ प्रतिशतमा र जन्मँदा कम तौल हुने बच्चाको समस्या २४ बाट १० प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ। ५ वर्षमुनिका बालबालिकाको अधिक तौललाई २ दशमलव १ प्रतिशतबाट १ दशमलव ४ प्रतिशतमा ल्याउने लक्ष्य राखिएको छ।

दीर्घ रुपमा शक्तिको कमी भएका प्रजनन् उमेरका महिलाको अवस्था १७ बाट १२ प्रतिशतमा, प्रजनन् उमेरका महिलाको मोटोपनको समस्या २२ बाट १८ प्रतिशतमा र दीर्घ रुपमा कमजोर अवस्थामा रहेका प्रजनन् उमेरका महिलाको अवस्था २२ बाट १८ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ।







यो योजना देशका सबै ७ सय ५३ वटै स्थानीय तहमा विस्तार गरिने योजना आयोगका उपाध्यक्ष डा स्वर्णीम वाग्लेले जानकारी दिए। यसअघिको 'बहुक्षेत्रीय पोषण योजना पहिलो' देशका २८ जिल्लामा मात्र लागू भएको थियो। पहिलो बहुक्षेत्रीय पोषण योजना सन् २०१३ जनवरीदेखि २०१७ सम्म लागू भएको थियो। ५ वर्षे योजनाका लागि करिब ४८ अर्ब ९० करोड रुपैयाँ लागत अनुमान गरिएको छ। जसमा ५९ प्रतिशत नेपाल सरकारको र ४१ प्रतिशत विकास साझेदारको लागत रहने वाग्लेले बताए।

'पुड्कोपन, ख्याउटेपन, उमेरअनुसार तौल कम जस्ता न्यून पोषणसम्बन्धी समस्याले नेपालमा बाल मृत्युदरको ५२ प्रतिशत भाग ओगटेको छ,' वाग्लेले भने, 'कुपोषणको अवस्थामा सुधार गर्न सकियो भने बालबालिकामा हुने मृत्युदर रोक्न सकिने भएकाले सामूहिक काम गर्न बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा ल्याइएको हो।'

विश्व बैंकको एक अध्ययन अनुसार न्यून पोषण भएका बालबालिकाको अपेक्षित रुपमा शारीरिक वृद्धि, वौद्धिक तथा संवेगात्मक विकास हुन सक्दैन। यसले गर्दा विद्यालय शिक्षा प्रभावकारी हुन सक्दैन, जसले देशको आर्थिक वृद्धिमा ३ प्रतिशतसम्मले ह्रास ल्याउँछ। यसका अतिरिक्त जीवनको उत्तरार्द्धमा उच्च रक्तचाप, मधुमेहजस्ता रोगको जोखिम बढ्न सक्छ।

पोषणको अवस्थामा सुधार नगरी कुनै पनि देशले स्वस्थ नागरिक पाउन र आर्थिक विकास गर्न नसक्ने मनन् गरेर कुपोषण विरुद्ध लड्न ५ वर्षे योजना ल्याइएको योजना आयोगका सदस्य डा गीताभक्त जोशीले बताए।

'यो योजना कार्यान्वयनमा आएपछि नवजात शिशुदेखि बालबालिकाको मस्तिष्कको सम्पूर्ण विकास हुने र भविष्यमा स्वस्थ तथा सवल युवा जनशक्ति उत्पादन हुने अपेक्षा राखिएको छ,' डा वाग्लेले भने, 'किशोरावस्थादेखि नै महिलाको पोषणमा समेत सुधार आउनेछ।' उनले योजनामा कृषि क्षेत्रको उत्पादकत्व बढाउने, खानेपानी तथा सरसफाइको अवस्थामा सुधार ल्याउने र आधारभूत शिक्षाको अवस्थामा सुधार ल्याउने लक्ष्य पनि राखिएको बताए।

सरकारले 'कुपोषणको लडाइँ समूहिक रुपमा लड्ने' भन्दै पहिलो पटक २०६९ सालमा ५ वर्षे योजना कार्यान्वयनमा ल्याएको थियो। उक्त योजना खाद्य सुरक्षा, आधारभूत शिक्षामा खुद भर्नादर, १० देखि १४ वर्षका काम गर्ने बालबालिकाको संख्या, सरसफाइ, सेवामा पहुँचको स्थिति, प्रतिव्यक्ति विकासमा बजेट खर्च, एक वर्षमुनिका बालबालिकालाई खोपको पहुँच लगायत ११ वटा सूचकका आधारमा सञ्चालित थियो। पोषणको समस्या बढी भएका सप्तरी, खोटाङ, उदयपुर, पाँचथर, रौतहट, बारा, पर्सा, महोत्तरी, सर्लाही, धनुषा, कपिलवस्तु, नवलपरासी, मुगु, डोल्पा, हुम्ला, जुम्ला, जाजरकोट, कालीकोट, रोल्पा, रुकुम, दैलेख, बर्दिया, बैतडी, अछाम, डोटी, बझाङ, बाजुरा र डडेलधुरा गरी २८ जिल्लामा पहिलो चरणको कार्यक्रम चलेको थियो।

उक्त योजना सन् २०१७ को अन्त्यसँगै सकिनेछ। पहिलो योजना अवधिमा पोषण अवस्थामा केही सुधार आएको छ भने बाल मृत्युदरमा उल्लेख्य सुधार देखिएको छ। बहुक्षेत्रीय पोषण कार्यक्रम लागू भएपछि के-कस्ता सुधार भए भन्ने विषयमा छुट्टै अध्ययन नभए पनि स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको नेपाल जनसांख्यिक स्वास्थ्य सर्भेक्षण २०१६ मा पोषणका क्षेत्र र बाल

**अपेक्षित नतिजा**

| सूचकहरू | हालको अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन प्रतिशत | ३५.८ (ने.ज.स्वा.स. २०१६) | ३४ | ३१ | ३१ | २९ | २८ |
| पाँच वर्षमुनिका बालबालिकामा ख्याउटेपन प्रतिशत | ९.७ (ने.ज.स्वा.स. २०१६) | ९.५ | ८ | ८ | ७ | ७ |
| जन्मिदा कम तौल भएको बच्चा प्रतिशत | २४.२ (ने.ब.सु.स. २०१४) | २० | १७ | १३ | ११ | १० |
| पाँच वर्षमुनिका बालबालिकाको अधिक तौल र मोटोपन प्रतिशत | २.१ (ने.ज.स्वा.स. २०१६) | २ | १.९ | १.७ | १.६ | १.४ |
| प्रजनन उमेरका महिलाहरूमा अधिक तौल र मोटोपन प्रतिशत | २२ (ने.ज.स्वा.स. २०१६) | २२ | २१ | २० | १९ | १८ |
| दीर्घ रूपमा शक्तिको कमी भएका प्रजनन उमेरका महिलाहरू प्रतिशत | १७ (ने.ज.स्वा.स. २०१६) | | | | | १२ |